"मीठे बच्चे– तिमीले कुनै पनि पतित देहधारीसँग प्रीत राख्नु छैन किनकि तिमी पावन दुनियाँमा जाँदै छौ। एक बाबासँग नै प्रेम गर्नु छ।"

प्रश्नः– तिमी बच्चाहरू कुन चीजसँग हैरान हुनु हुँदैन र किन?

उत्तरः– तिमी आफ्नो यस पुरानो शरीरसँग अलिकति पनि हैरान हुनु हुँदैन किनकि यो शरीर धेरै धेरै मूल्यवान् छ। आत्मा यस शरीरमा बसेर बाबालाई याद गरेर धेरै ठूलो चिट्ठा लिइरहेको छ। बाबाको यादमा रहयौ भने खुसीको खुराक मिलिरहन्छ।

ओम् शान्ति। मीठा-प्यारा रुहानी बच्चाहरू! अब दूरदेशमा रहने फेरि दूर देशका यात्री हौ। हामी आत्मा हौं र अहिले धेरै दूरदेश जाने पुरुषार्थ गरिरहेका छौं। यो केवल तिमी बच्चाहरूले नै जानेका छौ– हामी आत्माहरू दूरदेश निवासी हौं। दूरदेशमा निवासी बाबालाई पनि बोलाउँछन्, आएर हामीलाई पनि त्यहाँ दूरदेशमा लिएर जानुहोस्। अब दूरदेशमा रहने बाबाले तिमीलाई त्यहाँ लिएर जानुहुन्छ। तिमी रुहानी यात्री हौ किनकि यस शरीरको साथमा छौ नि। रूहले नै यात्रा गर्छ। शरीर त यहाँ नै छोडिदिन्छ। बाँकी रूहले नै यात्रा गर्छ। रूह कहाँ जान्छ? आफ्नो रुहानी दुनियाँमा। यो हो जिस्मानी दुनियाँ, त्यो हो रुहानी दुनियाँ। बच्चाहरूलाई बाबाले सम्झाउनु भएको छ– जहाँदेखि पार्ट खेल्न यहाँ आएका हौ अब फर्केर त्यहीँ घर जानु छ। यो धेरै ठूलो मण्डप अथवा स्टेज हो। स्टेजमा अभिनय गरेर पार्ट खेलेर फेरि सबै फर्केर जानु छ। नाटक पूरा भएपछि मात्र त जान्छन् नि। अहिले तिमी यहाँ स्टेजमा छौ, तिम्रो बुद्धियोग घर र राजधानीमा छ। यो त पक्का पक्का याद गर किनकि यो त गायन छ– अन्त मति सो गति। अहिले यहाँ तिमीले पढिरहेका छौ, जानेका छौ– भगवान शिवबाबाले हामीलाई पढाउनु हुन्छ। भगवानले त सिवाय यस पुरुषोत्तम सङ्गमयुग कहिल्यै पढाउनुहुन्न। सारा ५ हजार वर्षमा निराकार भगवान बाबा एकै पटक आएर पढाउनु हुन्छ। यो त तिमीलाई पक्का निश्चय छ। पढाइ पनि कति सहज छ, अब घर जानु छ। त्यस घरसँग त सारा दुनियाँको प्यार छ। मुक्तिधाममा जान त सबैले चाहन्छन् तर त्यसको पनि अर्थ बुझ्दैनन्। मानिसहरूको बुद्धि यस समयमा कस्तो छ र तिम्रो बुद्धि अहिले कस्तो बनेको छ, कति फरक छ। तिम्रो छ स्वच्छ बुद्धि, नम्बरवार पुरुषार्थ अनुसार। तिमीलाई राम्रोसँग सारा विश्वको आदि-मध्य-अन्त्यको ज्ञान छ। तिम्रो दिलमा छ– म अब पुरुषार्थ गरेर नरबाट नारायण अवश्य बन्नु छ। यहाँबाट पहिला त आफ्नो घरमा जान्छौं नि। त्यसैले खुसीसँग जानु छ। जसरी सत्ययुगमा देवताहरूले खुसीसँग एक शरीर छोडेर अर्को लिन्छन्, त्यसैगरी यस पुरानो शरीरलाई पनि खुसीसँग छोड्नु छ। यससँग हैरान हुनु छैन किनकि यो शरीर धेरै अमूल्य छ। यो शरीरद्वारा नै आत्मालाई बाबासँग चिट्ठा मिल्छ। हामी पवित्र नबनेसम्म घर जान सक्दैनौं। बाबालाई याद गरिरहयौं भने भनै यस योगबलबाट पापको बोझ उत्रिन्छ। नत्र धेरै सजाय खानु पर्नेछ। पवित्र त अवश्य बन्नु छ। लौकिक सम्बन्धमा पनि कुनै बच्चाहरूले फोहोरी पतित काम गरे भने पिताले रिसाएर लट्ठीले पिट्छन् किनकि बेकाइदाले पतित बन्छन्। कसैसँग पनि बेकाइदाको प्यार गरे भने पनि माता-पितालाई राम्रो लाग्दैन। यहाँ बेहदको पिताले फेरि भन्नुहुन्छ– तिमी बच्चाहरू यहाँ त रहनु छैन। अब तिमीहरू जानु छ नयाँ दुनियाँमा। त्यहाँ विकारी पतित कोही हुँदैनन्। एउटै पतित-पावन बाबा आएर तिमीलाई यस्तो पावन बनाउनु हुन्छ। बाबा स्वयं भन्नुहुन्छ– मेरो जन्म दिव्य र अलौकिक छ, अरू कसैको पनि आत्माले म जसरी शरीरमा प्रवेश गर्न सक्दैन। हुन त जुन धर्म स्थापक आउँछन्, उनको आत्मा पनि प्रवेश गर्छ, तर त्यो कुरै अलग हो। म त आउँछु नै सबैलाई फर्काएर लिएर जानको लागि। उनीहरू त माथिबाट उत्रिन्छन् तल पार्ट खेल्न। मैले त सबैलाई लिएर जान्छु, फेरि बताउँछु– तिमी कसरी पहिला सुरुमा नयाँ दुनियाँमा उत्रिन्छौ। त्यस नयाँ दुनियाँ सत्ययुगमा कोही पनि बकुल्लो हुँदैन। बाबा त आउनु हुन्छ नै बकुल्लाहरूका बीचमा। फेरि तिमीलाई हाँस बनाउनु हुन्छ। तिमी अहिले हाँस बनेका छौ, मोती नै चुन्छौ। सत्ययुगमा तिमीलाई यो रत्न मिल्दैन। यहाँ तिमी यो ज्ञान रत्न चुनेर हाँस बन्छौ। बकुल्लाबाट तिमी हाँस कसरी बन्छौ, यो कुरा बाबा बसेर सम्झाउनु हुन्छ। अहिले तिमीलाई हाँस बनाउनु हुन्छ। देवताहरूलाई हाँस, असुरहरूलाई बकुल्ला भनिन्छ। अहिले तिमीले फोहर छोडेर मोती चुन्छौ।

तिमीलाई नै पदमापदम भाग्यशाली भनिन्छ। तिम्रो पाउमा छाप लाग्छ पदमौंको। शिवबाबाको पाउ छँदै छैन,

जसले गर्दा पदम हुन सकोस्। उहाँले त तिमीलाई पदमापदम भाग्यशाली बनाउनु हुन्छ। बाबा भन्नुहुन्छ– म तिमीलाई विश्वको मालिक बनाउन आएको हुँ। यी सबै कुरा राम्रोसँग बुझ्नु छ। मानिसहरूले स्वर्ग थियो भन्ने मानेका छन् नि। तर कहिले थियो, फेरि कसरी हुन्छ, त्यो थाहा छैन। तिमी बच्चाहरू अहिले उज्यालोमा आएका छौ। ती सबै छन् अन्धकारमा। यी लक्ष्मी-नारायण विश्वको मालिक कहिले, कसरी बने, यो थाहै छैन। ५ हजार वर्षको कुरा हो। बाबा बसेर सम्झाउनु हुन्छ– जसरी तिमी पार्ट खेल्न आउँछौ, त्यसैगरी म पनि आउँछु। तिमीले निमन्त्रण दिएर बोलाउँछौ– हे बाबा! हामी पतितहरूलाई आएर पावन बनाउनुहोस्। अरू कसैलाई पनि यस्तो कहिल्यै भनिँदैन, आफ्नो धर्म स्थापकलाई पनि यस्तो भन्दैनन्– आएर सबैलाई पावन बनाउनुहोस्। क्राइस्ट अथवा बुद्धलाई कहाँ पतित-पावन भनिन्छ र! गुरु उहाँलाई भनिन्छ, जसले सद्गति गर्नुहुन्छ। उहाँ त आउनु हुन्छ, उहाँको पछि सबै तल उत्रिनुपर्छ। यहाँबाट फर्केर जाने मार्ग बताउनेवाला, सर्वको सद्गति गर्नेवाला अकालमूर्त एउटै बाबा हुनुहुन्छ। वास्तवमा सद्गुरु शब्द नै ठीक छ। तिमीहरू सबैले भन्दा ठीक शब्द फेरि पनि सिखहरूले बोल्छन्। ठूलो-ठूलो स्वरले भन्छन्– सद्गुरु अकाल। धेरै जोडले धुन लगाउँछन्, सद्गुरु अकालमूर्त भन्छन्। मूर्त नै नभए फेरि उहाँ कसरी सद्गुरु बन्नुहुन्छ, सद्गति कसरी दिनुहुन्छ? उहाँ सद्गुरु स्वयं नै आएर आफ्नो परिचय दिनुहुन्छ– मैले तिमीले जसरी जन्म लिन्न। अरू त सबै शरीरधारी बसेर सुनाउँछन्। तिमीलाई अशरीरी रुहानी बाबा बसेर सम्झाउनु हुन्छ। रात-दिनको फरक छ। यस समयमा मानिसहरूले जे जति गर्छन् त्यो गल्ती नै गर्छन् किनकि रावणको मतमा छन् नि। हरेकमा ५ विकार छ। अहिले रावण राज्य हो, यो कुरा विस्तृतमा बाबा बसेर सम्झाउनु हुन्छ। नत्र सारा दुनियाँको चक्रको बारेमा कसरी थाहा हुन्छ। यो चक्र कसरी घुम्छ, थाहा हुनुपर्यो नि। बाबा सम्झाउनुहोस् पनि तिमीले भन्दैनौ। स्वयं बाबाले नै सम्झाइरहनु हुन्छ। तिमीले कुनै पनि प्रश्न सोध्ने आवश्यकता हुँदैन। भगवान त पिता हुनुहुन्छ। बाबाको काम हो, सबैथोक स्वयं नै सुनाउनु, स्वयं नै सबैथोक गर्नु। बच्चाहरूलाई स्कुलमा पिता आफैले पठाउँछन्। नोकरीमा लगाउँछन्, फेरि उनलाई भन्छन्– ६० वर्षपछि यो सबै छोडेर भगवानको भजन गर्नु। वेद-शास्त्र आदि पढ्नु, पूजा गर्नु। तिमी आधाकल्प पुजारी बन्यौ फेरि आधाकल्पको लागि पूज्य बन्छौ। पवित्र कसरी बन्ने, त्यसको लागि कति सहजै सम्झाइन्छ। फेरि भक्ति बिल्कुलै छुट्न पुग्छ। ती सबैले भक्ति गरिरहेका छन्, तिमीले ज्ञान लिइरहेका छौ। ती रातमा छन्, तिमीहरू दिनमा जाँदै छौ अर्थात् स्वर्गमा। गीतामा लेखिएको छ– मनमनाभव, यो शब्द प्रसिद्ध छ। गीता पढ्नेले बुझ्न सक्छन्, धेरै सहज लेखिएको छ। सारा जीवन गीता पढ्दै आएका छन्, तर केही पनि बुझ्दैनन्। अब उही गीताका भगवानले बसेर सिकाएपछि पतितबाट पावन बन्छन्। अहिले हामीले भगवानसँग गीता सुन्छौं फेरि अरूलाई सुनाउँछौं, पावन बन्छौं।

बाबाको महावाक्य छ नि– यो हो त्यही सहज राजयोग। मानिस कति अन्धश्रद्धामा डुबेका छन्। तिम्रो त कुरै सुन्दैनन्। ड्रामा अनुसार जब तिनीहरूको तकदिर खुल्छ तब तिम्रो पासमा आउन सक्छन्। तिम्रो जस्तो तकदिर अरू कुनै धर्मावलम्बीको हुँदैन। बाबाले सम्झाउनु भएको छ– यो तिम्रो देवी-देवता धर्म धेरै सुखदायक छ। तिमीले पनि सम्झन्छौ– बाबाले ठीक भन्नुहुन्छ। शास्त्रहरूमा त त्यहाँ पनि कंस-रावण आदि देखाएका छन्। त्यहाँको सुखको बारेमा त कसैलाई थाहा पनि छैन। गर्न त देवताहरूलाई पूजा गर्छन्, तर बुद्धिमा केही पनि बस्दैन। अब बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! मलाई याद गर्छौ? यसरी आफ्ना पिताले बच्चाहरूलाई मलाई याद गर भनेको कहिल्यै सुनेका छौ? लौकिक पिताले कहिल्यै यसरी याद गराउने पुरुषार्थ गराउँछन् र? यो कुरा बेहदका बाबा बसेर सम्झाउनु हुन्छ। सारा विश्वको आदि-मध्य-अन्त्यलाई जानेर तिमी चक्रवर्ती राजा बन्छौ। पहिला तिमी जान्छौ घर। फेरि आउनु छ पार्टधारी बनेर। यी नयाँ आत्मा हुन् वा पुराना आत्मा– अहिले कसैलाई पनि थाहा हुँदैन। नयाँ आत्माको नामाचार (प्रसिद्धि) अवश्य हुन्छ। अहिले पनि हेर, कोही-कोहीको कति नाम चल्छ। धेरैजना आउँछन्। बस्दा बस्दै अनायासै आउँछन्। त्यसैले त्यो प्रभाव पर्छ। बाबा पनि यिनमा अनायासै आउनु हुन्छ, त्यसैले त्यो प्रभाव पर्छ। त्यो पनि नयाँ आत्मा आउँछ भने पुरानाहरूमा प्रभाव पर्छ। हाँगाबिँगा पलाउँदै जान्छन्, उनको महिमा हुन्छ। यिनको नाम प्रसिद्ध किन छ भन्ने कसैलाई पनि थाहा हुँदैन। नयाँ आत्मा भएकाले उनमा आकर्षण हुन्छ। अहिले त हेर, कति धेरै झुटा भगवान बनेका छन्, त्यसैले गायन छ– सत्यको नाउ हल्लिन्छ, तर डुब्न सक्दैन। तुफान धेरै आउँछन् किनकि भगवान नाविक हुनुहुन्छ नि। बच्चाहरू पनि हल्लिन्छन्, नाउलाई तुफान धेरै लाग्छ। अरू सतसङ्गमा त धेरै जान्छन्, तर त्यहाँ कहिल्यै तुफान आदिको कुरा हुँदैन। यहाँ अबलाहरूमाथि कति अत्याचार हुन्छ। तर फेरि पनि स्थापना त हुनु छ। बाबा बसेर सम्झाउनु हुन्छ– हे आत्माहरू! तिमीहरू कति जङ्गली काँडा बनेका छौ, अरूलाई काँडा लगाउँछौ, त्यसैले तिमीलाई पनि काँडा लाग्छ। जवाफ त हरेक कुराको

मिल्छ। त्यहाँ दुःखको, फोहोरी कुरा कुनै हुँदैन, त्यसैले त्यसलाई भनिन्छ नै स्वर्ग। मानिसहरूले स्वर्ग र नर्क भन्छन् तर बुझ्दैनन्। भन्छन्– फलानो स्वर्ग गयो, यो भन्नु पनि वास्तवमा गलत हो। निराकारी दुनियाँलाई स्वर्ग भनिदैन। त्यो हो मुक्तिधाम। यिनले फेरि भन्छन् स्वर्गमा गयो।

अहिले तिमीलाई थाहा छ– यो मुक्तिधाम आत्माहरूको घर हो, जसरी यहाँ घर हुन्छन्। भक्तिमार्गमा जो धेरै धनवान हुन्छन् उनले कति उच्च मन्दिर बनाउँछन्। शिवको मन्दिर हेर, कसरी बनाएका छन्। लक्ष्मी-नारायणका पनि मन्दिर बनाउँछन्, त्यहाँ सक्कली गहना आदि कति हुन्छन्। धेरै धन हुन्छ। अहिले त झुटो भएको छ। तिमीले पनि पहिला कति सक्कली गहना लगाउँथ्यौ। अहिले त सरकारको डरले सक्कली लुकाएर नक्कली लगाउँछन्। त्यहाँ त हुन्छ सत्य नै सत्य। झुटो केही पनि हुँदैन। यहाँ सक्कली भएर पनि छिपाएर राख्छन्। दिनप्रतिदिन सुन महङ्गो हुँदै जान्छ। त्यहाँ त हुन्छ नै स्वर्ग। तिमीलाई सबैथोक नयाँ मिल्छ। नयाँ दुनियाँमा सबैथोक, अथाह धन थियो। अहिले त हरेक चीज कति महङ्गो भएको छ। अहिले तिमी बच्चाहरूलाई मूलवतनदेखि लिएर सबै रहस्य सम्झाएको छु। मूलवतनको रहस्य बाबा बाहेक अरू कसले बताउन सक्छ। तिमी पनि फेरि शिक्षक बन्नु छ। ठीकै छ, गृहस्थ व्यवहारमा पनि रहन सक्छौ। कमल फूल समान पवित्र बन। अरूलाई पनि आफू समान बनायौ भने धेरै उच्च पद प्राप्त गर्न सक्छौ। यहाँ रहनेहरू भन्दा पनि उनीहरूले उच्च पद पाउन सक्छन्। नम्बरवार त छँदै छन्, बाहिर रहेर पनि विजय मालामा उनिन सक्छौ। हप्ताको कोर्स लिएर फेरि ठीकै छ बेलायतमा जाऊ वा जहाँ पनि जाऊ। सारा दुनियाँलाई सन्देश मिल्नु छ। बाबा आउनु भएको छ, केवल भन्नुहुन्छ– मलाई याद गर। उहाँ बाबा नै मुक्तिदाता हुनुहुन्छ, गाइड हुनुहुन्छ। त्यहाँ तिमी गयौ भने अखबारमा पनि धेरै नाम प्रसिद्ध हुन्छ। अरूलाई पनि यो कुरा धेरै सहज लाग्छ– आत्मा र शरीर दुई चीज छन्। आत्मामा नै मन-बुद्धि छन्, शरीर त जड हो। पार्टधारी आत्मा बन्छ। खुबी भएको चीज आत्मा हो, त्यसैले अब बाबालाई याद गर्नुपर्छ। यहाँ रहनेले यति याद गर्दैनन्, जति बाहिर रहनेले गर्छन्। जसले धेरै याद गर्छन्, अनि आफू समान बनाइरहन्छन्, काँडालाई फूल बनाइरहन्छन्, उनले नै उच्च पद प्राप्त गर्छन्। तिमीले जान्दछौ– पहिला हामी पनि काँडा थियौं। अहिले बाबाले आदेश जारी गर्नुभएको छ– काम महाशत्रु हो, यसलाई जितेपछि तिमी जगतजित बन्छौ। तर लेखाइले मात्र कहाँ बुझ्छन् र! अहिले बाबाले सम्झाउनु भएको छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) सदा ज्ञान रत्न चुन्ने हाँस बन्नु छ, मोती नै चुन्नु छ। फोहोर छोडिदिनु छ। हर कदममा पदमको कमाइ जम्मा गरेर पदमापदम भाग्यशाली बन्नु छ।

२) उच्च पद प्राप्त गर्नको लागि टिचर बनेर धेरैको सेवा गर्नु छ। कमल फूल समान पवित्र रहेर आफू समान बनाउनु छ। काँडालाई फूल बनाउनु छ।

वरदानः– तेरो मेरोको हलचललाई समाप्त गरेर दयाको भावना इमर्ज गर्ने दयावान भव

समय समयमा कति आत्माहरू दुःखको लहरमा आउँछन्। प्रकृतिको अलिकति पनि हलचल हुँदा, आपद् आउँदा कति आत्माहरू तड्पिन्छन्, दया, कृपा माग्छन्। त्यसैले यस्ता आत्माहरूको पुकार सुनेर दयाको भावना इमर्ज गर। पूज्य स्वरुप, दयाको स्वरूपलाई धारण गर। स्वयंलाई सम्पन्न बनायौ भने यो दुःखको दुनियाँ समाप्त हुन्छ। अब परिवर्तनको शुभभावनाको लहर तीव्र गतिले फैलायौ भने तेरो मेरोको हलचल समाप्त हुन्छ।

स्लोगनः– व्यर्थ सङ्कल्पहरूको हथौडीले समस्याको पत्थरलाई फोर्नुको सट्टा छलाङ् लगाएर समस्या रूपी पहाडलाई पार गर।